# स्याङ्जा जिल्ला अदालत

## स्याङ्जा

Email: - syangja.dcourt@gmail.com

पत्र संख्याः-२०८०/०८१

प्रशासन शाखा

फोन नं. ०६३-४२४१९५

चलानी नं.- ११२३

मितिः- २०८०।०६।०९

**सूचना ॥ सूचना ॥ सूचना ॥**

**बिषयःलेखापढी प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धमा।**

कानून व्यवसायी परिषद ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ बमोजिम अड्डा अदालतमा लेखापढी गर्न उक्त नियमावलीको नियम ३ बमोजिम योग्यता पुगी १८ बर्ष नाघेका ईच्छुक नेपाली नागरिकहरुले मिति २०८०।०६।०९ देखी ३०(तिस) दिन भित्र देहायको शर्तको अधिनमा रही दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

प्राप्त दरखास्त मध्ये उपयुक्त उम्मेदवार छनौट गर्न समावेश भएको लिखित परीक्षा तथा अन्तरवार्ता उत्तीर्ण भएका उम्मेदवारहरुलाई अदालतबाट निर्धारित प्रमाणपत्र प्रदान गरिने छ।

१. आवश्यक न्यूनतम योग्यता :-

(क) शैक्षिक योग्यता : SEE/SLC वा सो सरह।

(ख) उमेर :- १८ वर्ष उमेर पुगेको नेपाली नागरिक।

२. दरखास्त बुझाउनु पर्ने मिति:- २०८०।०६।०९ देखि २०८०।०७।२२ सम्म (दशै विदा वाहेकका दिन गणना गरिएको) र सोको भोलिपल्ट देखि ७ (सात) दिन सम्म दोव्बर दस्तुर तिरी दरखास्त वुझाउन सकिने छ। (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समयभित्र दरखास्त बुझाउन सकिने छ)

३. दरखास्त शुल्क :- रु.१००/-

४. परिक्षाको किसिम :- लिखित तथा अन्तरवार्ता।

५. परिक्षा हुने मिति :- दरखास्त दिने अन्तिम मितिका दिन तोकिने छ।

६. सम्पर्क स्थान :- स्याङ्जा जिल्ला अदालत, प्रशासन शाखा।

७. दरखास्तसाथ पेश गर्न पर्ने कागजातहरु :-

(क)शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

(ख)नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।

(ग) पासपोर्ट साईजको फोटो ३ प्रति।

(घ) दरखास्तको ढाँचा लेखापढी व्यवसायी नियमावलीको अनुसूची १ बमोजिम हुने छ। सो दरखास्त अदालतको प्रशासन शाखामा निःशुल्क पाईने छ।

(ङ) पाठ्यक्रम र अन्य जानकारीको लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्नुहोला।

भूमिप्रसाद शर्मा

(स्रेस्तेदार उप-सचिव)

स्रेस्तेदार उप-सचिव